# कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ लाई संशोधन गर्न बनेको आदेश

(नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत मिति २०७७/०३/१५)

## नेपाल सरकार
## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## <u>कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ लाई संशोधन गर्न बनेको आदेश</u>

<u>**प्रस्तावना**</u>ः कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ लाइ संशोधन गर्न वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस आदेशको नाम "कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ को दफा ३ मा संशोधन</u> : कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचार बापत अस्पतालहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धी आदेश, २०७७ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को सट्टामा देहाएको दफा ३ राखिएको छ,–

"३. <u>उपचार सम्वन्धी व्यवस्था</u>ः (१) कोभिड १९ को संकास्पद तथा संक्रमित व्यक्तिको उपचार बिरामीको अवस्था अनुसार होम आइसोलेसन वा सामुदायिक आइसोलेसन केन्द्र वा सरकारी अस्पताल राखेर उपचार गरिनेछ ।

(२) संक्रमितलाई अस्पतालमानै भर्ना गरी उपचार गर्नु परेको अवस्थामा सरकारी अस्पतालवाट मात्र सेवा उपलव्ध गराउन नसकिने भएमा सरकारी अस्पताल वाहेकका निजी, गैर सरकारी, सहकारी तथा सामुदायिक लगायतका अस्पतालमा समेत उपचार गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

(३) कोधिड १९ को संकास्पद तथा संक्रमितको उपचार निःशुल्क हुनेछ ।"

३. <u>मूल आदेशको दफा ४ मा संशोधन</u> : मूल आदेशको दफा ४ को सट्टामा देहाएको दफा ४ राखिएको छ,–

"४. <u>रकम उपलब्ध गराइने</u>ः कोभिड १९ संकास्पद तथा संक्रमित व्यक्तिलाई उपचार गरे वापतको लागत रकम अस्पताल, आइसोलेसन सेन्टरलाई उपलव्ध गराईनेछ । साथै होम आइसोलेसनमा बस्ने बिरामीहरूको क्लिनिकल निगरानी गर्दा लाग्ने रकम सम्बन्धित स्थानीय तहलाई उपलव्ध गराईनेछ । "

४. मूल आदेशको दफा ५ मा संशोधन : मूल आदेशको दफा ५ को सट्टामा देहाएको दफा ५ राखिएको छ,—

"५. लागत रकमको निर्धारणः कोभिड १९ का संकास्पद तथा संक्रमित व्यक्तिको उपचार वापत होम आइसोलेससन, आइसोलेसन सेन्टर तथा अस्पतालहरूलाई उपलव्ध गराउने अनुदान रकम अनुसूची १ वमोजिम हुनेछ ।"

५. मूल आदेशको अनुसूचिमा संशोधन : मूल आदेशको अनुसूची १ मा रहेको "अनुसूची १" भन्ने शब्दको सट्टा "अनुसूचि २" भन्ने शब्द कायम गरिएको छ ।

अनुसूची १

दफा ५ संग सम्बन्धीत

**संकास्पद तथा संक्रमित व्यक्तिको उपचार वापत उपलव्ध गराउने लागत रकम**

| क्र.सं. | बिरामीको अवस्था | स्थान | लागत रकम (रु.) |
|---|---|---|---|
| १. | लक्षण नभएका वा सामान्य लक्षण भएका* | घर (स्वास्थ्यकर्मीले क्लिनिकल निगरानी गर्दा लाग्ने खर्च) | २००।= |
| २. | लक्षण नभएका वा सामान्य लक्षण भएका** | आइसोलेसन केन्द्र | २०००।= |
| ३. | सामान्य लक्षण भएका(Mild)*** | अस्पताल | ३५००।= |
| ४. | मध्यम जटिल बिरामी (Moderate) | अस्पताल | ७०००।= |
| ५. | जटिल (Severe) र क्रिटिकल बिरामी (Critical) | अस्पताल | १५०००।= |

* कोभिड १९ केशको आइसोलेसन व्यवस्थापन सम्बन्धी निर्देशिका २.२ अनुसार घरमा बस्ने बिरामीहरू

** लक्षण नभएका वा सामान्य लक्षण भएका आइसोलेसनमा बस्नु पर्ने बिरामीहरू

*** सामान्य लक्षण भएका, ६० वर्ष माथिका जेष्ठ नागरिकहरू, दीर्घरोगीहरू तथा अन्य कुनै स्वास्थ्य समस्या महसुस गरेका बिरामीहरू

(क) प्रस्तावित लागतमा कोरोना संक्रमित बिरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मीको जोखिम भत्ता समावेश भएको मानिनेछ ।

(ख) कोरोना संक्रमित बिरामीको उपचार हुने तथा क्लिनिकल निगरानी गर्ने दिन गणना सम्बन्धमा स्वास्थ्य मन्त्रालयले जारी गरेको “National Testing Guidelines for COVID-19” मा उल्लेख भएबमोजिम हुनेछ ।

(ग) यस अघि जारी भएको “ कोभिड-१९ का बिरामीहरूको प्रत्यक्ष रूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापन सम्बन्धी मार्ग निर्देशन २०७७” को बुँदा नं. ३.१ मा भएको प्रति दिन खर्च रु. २०००।= को व्यवस्थालाई सरकारी अस्पताल बाहेकको हकमा प्रस्तावित लागतमा नै समावेश गरिएको मानिनेछ ।